

दुई वर्षयता दैलेखका विभिन्न जंगलमा बस्दै आइरहेका राउटे समुदायका एक व्यक्ति काठका भाँडा तयार पार्दै। वनमा पाइने काठबाट विभिन्न किसिमका भाँडा तयार गरेर राउटे समुदाय जीविकोपार्जन गर्ने गर्दछन्।

*तस्बिर : गोविन्द केसी/नागरिक*

# पर्यटकलाई जबरजस्ती स्कर्टिङ, प्रहरी रमिते !

**सन्देश श्रेष्ठ**

*पोखरा, भदौ १५*

पोखरा पृथ्वीचोक क्षेत्रका होटल व्यवसायीहरूले पोखरामा पर्यटकलाई जबरजस्ती स्कर्टिङ गर्ने कार्य निरन्तर भइरहेको भन्दै प्रशासनको ध्यानाकर्षण गराएका छन्। पृथ्वी होटल व्यवसायी समितिको शनिबार आयोजित १२औं साधारणसभामा बोल्दै पोखरा सिटी क्षेत्रका होटल व्यवसायीले पर्यटक चढेको गाडीलाई पोखरा छिर्ने नाकाबाटै स्कर्टिङ गरेर आफ्नो होटलमा लैजाने प्रवृत्ति अझै नघटेको बताएका हुन्। पोखरा लेकसाइडका ठूला होटलहरूले पर्यटकलाई पोखरा भित्रिने नाकाहरू छोरेपाटन, कालीमाटी, गगनगौंडा, विजयपुरबाटै स्कर्टिङ गरेर होटलमा लैजाने गरेको उनीहरूको आरोप छ।

यसअघि पनि पोखराका ठुला होटलहरूले गाडी र बाइकमा आएर पर्यटक बसलाई नाकाबाटै स्कर्टिङ गरेर होटलमा लैजाने गरेको गुनासो आएको थियो। त्यो गुनासोपछि प्रहरीले निगरानी बढाउनुका साथै त्यस्ता गतिविधिमा संलग्नलाई पक्राउ गरेर कारबाहीसमेत गरेको थियो। तर अहिले सोही प्रवृत्ति बढेको व्यवसायीको गुनासो छ। पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष अम्बिका घिमिरे (अमृत)ले नाकाबाटै स्कर्टिङ गरेर होटल लैजाने क्रम जारी रहेको बताए। उनले भने, 'पर्यटनको राजधानी भन्छौं तर नाकाबाटै पर्यटकलाई स्कर्टिङ गर्ने, आफूलाई जान मन लागेको होटलमा जान नदिने, कहीँ बिचको होटलमा पस्न नदिने गर्दा कस्तो सन्देश दिन्छ ?' उनले यसको समाधान खोज्न प्रहरी र प्रशासनलाई आग्रह गरे।

समितिका वरिष्ठ उपाध्यक्ष मोतीबहादुर श्रेष्ठले पर्यटनको राजधानी पोखराको प्रवेशद्वार पृथ्वीचोकमा दिउँसै पर्यटकलाई स्कर्टिङ गरेर कहीँ पनि अडिन नदिई लेकसाइड लैजाँदा त्यसले नकारात्मक सन्देश दिएको बताए। 'यो त पर्यटनको राजधानी भन्नै लाज लाग्ने स्थिति भयो। यो यथाशक्य चाँडो रोकियोस्,' उनले भने। उनले सिटी क्षेत्रलाई राज्यलेसमेत विभेद गरेको गुनासो गरे। पर्यटन प्रवर्द्धनमा समान रूपमा राज्यले सहयोग नगर्नुका साथै पूर्वाधार निर्माणमा पनि बेवास्ता गर्ने गरेको उनको आरोप छ।

होटल व्यवसाय महासंघ गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखालले साना तथा मझौला होटल व्यवसायीको हितमा राज्यले ध्यान दिन नसकेको बताए। साना तथा मझौला व्यवसायीको लगानी संरक्षणमा राज्यले नै भूमिका खेल्नुपर्ने उनको भनाइ छ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले निजी क्षेत्रको पिरमर्कालाई सम्बोधन गर्न प्रदेश सरकार तयार रहेको बताए। आफू पनि व्यवसायीबाट राजनीतिमा प्रवेश गरेको भन्दै उनले भने, 'निजी क्षेत्रले भोग्नुपरेका पीडाको विषयमा अवगत छ। व्यवसायमैत्री कानुन निर्माणमा प्रदेश सरकार लागिरहेको छ।' उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि प्रदेश सरकारले पहल गरिरहेको जानकारी दिए। साथै पोखरा बसपार्कलाई सिटी बसपार्कका रूपमा विकास गर्ने र यो निर्माणका लागि आफूहरू लागिरहेको बताए।

वडा प्रहरी कार्यालय बैदामका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) सन्तोष निरौलाले पर्यटनको राजधानीको प्रवेशद्वारमै अवाञ्छित रूपमा भइरहेका क्रियाकलाप रोक्न आफू लाग्ने बताए। 'पर्यटकलाई स्कर्टिङ गरेर होटल लैजानु गलत हो,' उनले भने, 'यसले पर्यटनमा कालो धब्बा लागेको छ। यसलाई सुधार्नुपर्छ। त्यसका लागि प्रहरी लागिपर्छ।' तर त्यसमा व्यवसायीको पनि सहयोग हुनुपर्ने उनको भनाइ छ।

# पहिरोले स्याउ किसान मर्कामा



**ललित विष्ट**

*कालीकोट, भदौ १५*

जुम्लाको गुठिचौर गाउँपालिका-४ का लालचन्द सार्कीले बिहीबार नेपालगन्ज ढुवानी गरेको दुई ट्रक स्याउ बाटामै अलपत्र परेको छ। आफ्नै बारीको स्याउ बोकेका ट्रक कर्णाली राजमार्गको कालीकोट खण्डको एसमोडदेखि दैलेखको खिड्कीज्युलासम्मको पहिरोका कारण कालीकोटको खाँडाचक्र नगरपालिका-३ ताडीको बसपार्कमै अलपत्र अवस्थामा रोकिएका हुन्।

'गगने खोलामा खसेको पहिरोले सडकको नामोनिसान नै नरहने गरी बगाएको खबर सुनिएको छ,' उनले भने, 'कहिले सडक खुल्छ र स्याउ बजारसम्म पुर्‍याउने भन्ने चिन्ता छ।' उनका अनुसार सडकमा पहिरो जानेबित्तिकै स्याउको मूल्य किलोमा १० रूपैयाँ घटेको छ। दुई दाजुभाइको गरी चार ट्रक स्याउ लिई जुम्लादेखि कालिकोट पुगेका उनीहरू अहिले सडक बन्दले स्याउ कुहिने चिन्तामा छन्। बुधबारदेखिको वर्षाले कर्णाली राजमार्ग अवरुद्ध भएपछि चार दिनदेखि गाडी पनि बाटामै रोकिएका छन्। उनका अनुसार एक हप्तासम्म पनि सडक नखुले स्याउ कुहिन्छन्। उनले जुम्लाका ८० प्रतिशत किसानको स्याउ बाटामै रोकिएको बताए।

यो पटक जुम्लामा १५ हजार मेट्रिकटन स्याउ उत्पादन हुने अनुमान गरिएकामा १० हजार मेट्रिक टन निर्यात हुने प्रक्षेपण गरिएको छ। जिल्ला कृषि विकास कार्यालय जुम्लाका अनुसार हरेक वर्ष सडकले जुम्ली किसानलाई धोका दिँदै आएको छ। स्याउ बेचेर किसानले करिब ४० करोड रूपैयाँ जुम्ला भित्र्याउने लक्ष्य राख्ने गरेका छन्।

जुम्लामा चार हजार पाँच सय हेक्टर क्षेत्रफलमा स्याउ रोपिएको छ। यस्तै कालीकोटको स्याउले पनि बजार नपाउने भएको छ। सडक बन्दले किसानलाई सास्ती दिएको हो।

कालीकोटका प्रहरी प्रमुख डिएसपी अर्जुन केसीका अनुसार कालीकोट खण्डमा मात्रै ४५ वटा स्याउका गाडी रोकिएका छन्। पहिरो पन्छाउने काम भइरहे पनि अझै कति समय लाग्ने भन्ने यकिन नभएको उनको भनाइ छ।

**सडकभरि पहिरो**

कालीकोटको हुल्म, कालेखोला, एस मोड, गगनेखोला, दैखोला, सिराडी, दैलेखको किटु, मालाचौरलगायत ठाउँमा पर्ने सडक पूर्णरूपमा अवरुद्ध भएको छ। कालीकोटको गगनेखोलामा पूरै सडक भत्किएको छ भने कालीकोट र दैलेखको सिमाना दैखोलामा पक्की पुलसहित क्षति भएको छ। दैखोलामा बाढीसहितको पहिरोले पुल बगाएको छ भने पुलको छेउबाट कटान गरेर खोला बगिरहेको छ।

गगनेखोलामा गत वर्ष सडक विभागले ठेक्कामार्फत लगाएको चार करोड ५० हजार रूपैयाँ लागतमा लगाइएको पर्खालसहितको ग्याबिन भत्किएर सडक पूरै अवरुद्ध छ। सडक एकतर्फी सञ्चालन गर्न कालीकोट खण्डमा मात्र सहज भएको प्रहरी प्रमुख डिएसपी अर्जुन केसीले बताए।

'सडकको अवस्था भयावह छ,' उनले भने, 'कालीकोटको दैखोलादेखिसम्म धेरै ठाउँको पहिरो पन्छाइएको छ। सडक सञ्चालन गर्न कम्तीमा अझै दुई दिन लाग्छ।' उनका अनुसार दैलेख खण्डको मालाचौरदेखि दैखोलासम्म मात्र ११ ठाउँमा पहिरो छ। मालाचौर, सिराडी, किटु, घट्टे खोलासहितका ठाउँमा सडक बगेको छ।

**यात्रुलाई सास्ती, स्याउ कुहिने चिन्ता**

पहिरोले सडक अवरुद्ध भएपछि यात्रुलाई सास्ती भएको छ। कर्णाली राजमार्ग हुँदै दैनिक यात्रा गर्ने तीनदेखि पाँच सय यात्रुहरू पैदल हिँड्न बाध्य छन्। उनीहरू गगने खोलादेखि खिड्कीज्युलासम्म पैदल हिँडेर अर्को साइडमा हुने गाडी चढेर गन्तव्यमा जाने गर्छन्। 'मान्म पुग्ने भनेर सुर्खेतबाट हिँडेको हो,' हुरेन्डेक नेपालका कालीकोटका अध्यक्ष जजराज शाहीले भने, 'हिँडेर जिते आइयो।'

दुई दिन कोल्टीमा जहाज कुर्दा नआएपछि कर्णाली करिडोर हुँदै सुर्खेत जान आएका बाजुरा कार्तिकस्वामी-४ का अदाने कैलाले बाटामा निकै दुःख पाइएको गुनासो पोखे। 'बाजुराबाट कालीकोट पुग्नै तीन दिन लाग्यो,' मिर्गौलाका बिरामी ८५ वर्षीय बुवाको उपचार गर्न हिँडेका कैलाले भने, 'अस्पताल पुग्नै एक हप्ता लाग्ने भयो।' उनले बाजुराबाट कालीकोटको जितेसम्म एम्बुलेन्सलाई १० हजार रूपैयाँ तिरेको सुनाए। कर्णाली राजमार्ग हुँदै सुर्खेत लैजान जुम्ला, कालीकोटको फोइमहादेव, रास्कोटलगायत ठाउँबाट मिनी ट्रक र एलपी ट्रकमा लोड गरेर ल्याएको स्याउ कुहिने चिन्ताले व्यवसायीलाई सताएको छ।

**कर्णाली राजमार्ग**

**जुम्लाका ८० प्रतिशत किसानको स्याउ बाटामै अलपत्र परेको भन्दै किसानले गुनासो गरेका छन्।**

जुम्लाबाट स्याउ बोकेर आएका ४५ वटा गाडी ट्राफिक प्रहरीले कालीकोटको ताडी बसपार्कमा पार्किङ गरिराखेको छ। 'ठुला गाडी ताडीमै रोकेका छौं,' जिल्ला ट्राफिक इन्चार्ज प्रहरी सहायक निरीक्षक टोपबहादुर महताराले भने, 'सुर्खेतबाट आएका गाडी राकम र खिड्कीज्युलातिरै रोकिएका छन्।' उनले साना सवारी दिउँसोदेखि गगनेसम्म पठाएर यताबाट मेल गरी यात्रुलाई गन्तव्यमा पठाउन थालिएको बताए। २३२ किमि लामो कर्णाली राजमार्ग सुर्खेत-जुम्ला सडक वर्षा लागेपछि बेला-बेला पहिरोले अवरुद्ध हुँदै आएको छ। असारयता मात्र ४१ दिन अवरुद्ध भइसकेको छ।

**१० करोडको पूर्वाधार क्षति**

कालीकोटको गगने खोलामा आएको पहिरोले ५० मिटरको ग्याबिन वाल बगाएको छ। यस्तै जितेगडामा १५ मिटरको ग्याबिन वालका साथै दैलेखको आठबिस नगरपालिका-५ मालाचौरमा पनि १५ मिटर सडक बाढीपहिरोले बगाएको छ भने दही खोलाको पक्की पुलसमेत बगाएको छ। सडक करिब १० करोड रूपैयाँबराबरको क्षति भएको सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ। कर्णाली राजमार्ग हुँदै कालिकोट, जुम्ला र मुगु पुगिन्छ भने कर्णाली राजमार्गपछि जोडिने कर्णाली करिडोरले कालीकोट हुँदै सुदूरपश्चिमको बाजुरा र कर्णालीको हुम्ला जिल्लालाई जोड्छ। सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख चेतनकुमार मण्डलले वर्षाले कर्णाली राजमार्गमा ठुलो क्षति पुर्‍याएको बताए। उनका अनुसार दहीखोलाको पुलका साथै जितेगडा, गगने खोला, एस मोडलगायत ठाउँमा वर्षाले ठुलो क्षति पुर्‍याएको छ। सो पूर्वाधार तत्काल तयार गर्न आर्थिक भार परेको बताइएको छ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Federal Road Supervision and Monitoring Office, Surkhet

**Road Division Jumla**

**Invitation for Bid**

**Tender Notice No: 2/081/82**

Date of Publication: 2081/05/16 (1st Sept. 2024)

1. **Road Division Jumla** invites electronic bids under E-procurement system from eligible Nepalese bidders as stated below in the Table for construction of works under National Competitive Bidding Single Stage Two Envelope Bidding procedures:

| S.N. | Contract ID | Description and Location of work | Estimate Amount (NRs) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Required turnover (NRs.) | Required Bid Capacity (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | RDJML/ 337310113/ 081/82-13 | Periodic Maintenance Works along Nagma - Jumla Khalanga Road Section, NH61-005, (CH: 133+260 to 135+060 & 139+060 to 164+260), Jumla | NA | 30,40,000 | 10,000 | NRs. 109.00 million | NRs. 87.00 million |

| S.N. | Last Date of Bid Submission | Bid Opening Date, Time & Place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2024/09/30 (AD) 2081/06/14 (BS) Up to 12:00 hours | 2024/09/30 (AD) 2081/06/14 (BS) 13:00 hours, Road Division Jumla | 2024/09/15 (AD) 2081/05/30 (BS) 13:00 hours at office address | 120 days from bid submission due date | Minimum 30 days beyond Bid validity period | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at
**Office:** **Road Division Jumla,**
**Telephone No:** **087-520601**
**E-mail Address:** **drojumla@gmail.com**
or *may Visit PPMO website.*
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO website: Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| **Name of the Bank** | **Rastriya Banijya Bank** |
| **Name of Office** | **Road Division Jumla** |
| **Office Code No.** | **337016201** |
| **Office Account No.** | **1000200010000** |
| **Rajaswa (Revenue) Shirshak No.** | **14229** |

4. The Bids must be valid for a period *as stated in the table above* after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs as mentioned in the table above** which shall be valid for **30 days beyond the validity period** of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in

| | |
|---|---|
| **Account Name:** | **Ko Le Ni Ka Jumla Dharauti** |
| **Bank Name:** | **Rashtriya Banijya Bank, Jumla** |
| **Bank Address:** | **Jumla** |
| **Account Number:** | **4030100102030000** |

and should submit the original receipt of the deposited amount along with the bid.
5. Upon notification from the employer, the bidders who choose to submit a bid electronically shall deliver his her all necessary original documents comprising bids and supporting documents attested duly by a public notary to Department of Roads, **Road Division Jumla**, within date and time set in the employer's request.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All the rights as to whether to accept or reject, wholly or partly any or all the bids or cancel the bidding process without assigning any reason, whatsoever are reserved to this **Road Division Jumla**,
8. Bidders can bid as a single contractor or in the form of a joint venture of maximum of three contracting firms.
9. The Employer reserves rights to amend and correct at any time in case of discrepancies or error in Bidding document, Tender notice or any other documents. Such amendments, corrections shall be published on the notice board of this **Road Division Jumla**, and also on *PPMO Web Site*.
10. Matters not covered by this notice shall be in accordance with public procurement act, 2063 (with latest amendment), public procurement regulations, and 2064 (with latest amendment) and other prevailing rules and regulations of Nepal.

**Division Chief**